# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

दैलेख जिल्ला, नारायण नगरपालिका वडा नं.९ स्थित बैंक सियाला सिंचाइ योजनाका अध्यक्ष मिन बहादुर रावल लगायत अन्य पदाधिकारीहरूको मिलेमतोबाट उक्त योजनाको कुनै पनि काम नगरी प्राविधिकसँग मिलेमतो गरी रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा बैंक सियाला सिँचाइ योजना, दैलेखको कुलो निर्माण कार्यको प्राविधिक निरीक्षण र परीक्षणमा खटिएका तत्कालीन जिल्ला प्राविधिक कार्यालय, दैलेखका सवइन्जिनियर टेक बहादुर हितानले निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गर्ने/गराउने र शर्त तथा मापदण्ड विपरीत भएको कार्यलाई शर्त तथा मापदण्डअनुसार भएको छ भनी झुट्टा प्रतिवेदन पेश गरी बदनियतपूर्वक भए गरेको कार्य लुकाइछिपाई गरी नगरेको नभएको कुरा देखाई गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज सवइन्जिनियर टेक बहादुर हितानलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता